# राप्रपाको जिल्ला परिषद् भेला सम्पन्न

रौतामाई सम्वाददाता
**उदयपुर, ३१ साउन**

राष्ट्रिय प्रजातान्त्र पार्टी राप्रपाले उदयपुरमा एक दिने जिल्ला परिषद् भेला आयोजना गरेको छ ।

बुधबार गाईघाट एवान होटल स्थित जिल्ला पदाधिकारी लगायतका उपस्थितिमा परिषद् भेला भएको हो ।




भेलामा राप्रपालाई नयाँ ढँगबाट अघी बढाउने बारे बृहत छलफल भएको छ । पार्टीलाई नविन योजनाको माध्यमबाट सफल बनाउने गरी बिभिन्न बिभाग तथा संगठनहरू निर्माण गरी अघि बढ्ने बारे उपपस्थितिहरूले कुरा उठाएको छ । पार्टीले हाल "नविन राप्रपा" भन्ने अभियाननै पनि संञ्चालन गरेको छ । केन्द्र देखी टोल सम्म नविन राप्रपा अभियान संञ्चालनमा ल्याउने र पार्टीलाई थप सुधार गर्ने परिषद्ले लक्ष्य राखेको छ । राप्रपा कोशी प्रदेश अध्यक्ष तथा दमक नगरपालिकाका मेयर राम थापाको प्रमुख आतिथ्यतामा जिल्ला भेला आयोजना गरिएका थिए ।

## श्रीलंका...

उग्र रुप लिएको स्थानीय अनिल चन्द्रवंशीले बताउनुभयो । चन्द्रवंशीले भन्नुभयो, "कोशीको पानी घट्दा कटान बढी हुन्छ । पानीको रेत कम पानीमा हुने हुँदा कटान बढी हुने गरेको छ ।
गरैयाको अजुवा टोलको अगाडि कोशी नदीले डेढ किलोमिटर कटान गरिसकेको छ ।"
चार दशकदेखि बिजुलीको पहुँचभन्दा टाढा रहेका टापुबासीले दुई वर्ष अगाडि श्रीलंका टापुमा बिजुली पुगेपछि बिजुलीको प्रयोग गर्दै आएका थिए ।

टापुमा बसोबास गर्दै आएका नकुल चन्द्रवंशी भन्नुहुन्छ, "टापुबासीलाई यो वर्षमा जहिल्यै त्रास भइरहनेभयो ।

हरेक वर्ष आउने वर्षाको चार महिना कहिले कट्छ झैं हुन्छ ।"
कटान भएसँगै श्रीलंका टापु क्षेत्रका दर्जनभन्दा बढी घरहरु जोखिममा पर्दै गएको स्थानीय सन्तोष मण्डलले बताउनुभयो ।
श्रीलंका टापुमा असारदेखि नै कोशीले सामान्य कटान गर्दै आएको थियो।

कोशीले पश्चिमतर्फको भूभाग कटान गर्दा श्रीलंका टापु क्षेत्रका ७ सय घरपरिवार बाढीको जोखिममा परेका छन् । सप्तकोशीमा बुधबार दिउँसो एक लाख ८१ हजार ३ सय ५० क्युसेक प्रति सेकेन्ड पानीको बहाव मापन गरेको कोशी ब्यारेज कन्ट्रोल रूमले जनाएको छ । ब्यारेजको २२ वटा ढोका खोलिएको कन्ट्रोलरूमका कर्मचारी अमित यादवले जानकारी दिनुभयो ।
बेलका नगरपालिकाको वडा नं. २ र ३ र वराहक्षेत्र नगरपालिकाको वडा नम्बर ६, ९ वडाको टापुको लम्बार करिव १४ किलोमिटर र  चौडाई करिव ५ किलोमिटर क्षेत्रफलमा फैलिएको टापुमा ७ हजार बढीको संख्यामा मानिसहरूको बसोबास रहेको बेलका नगरपालिका २ का वडाध्यक्ष प्रेम बहादुर दाहालले बताए ।

## संगम...

शिकार हुन बाध्य भएकाले असल शिक्षा र गतिबिधिहरूमा संम्लग्न राख्नु पर्नेमा उनले जोड दिए । उनले मुना, हिमाल, पर्यावरण, महिला, अन्तर्राष्ट्रिय मन्च, मधुपार्क, विभिन्न साहित्य, दर्शन, बैंक, वित्तिय, लोकसेवा आयोग, कृषि तथा वन, इतिहास लगायतका ३ सय ८६ विधाका किताबहरू प्रजातिका फुलका विरूवा निःशुल्क उपलब्ध गराएको उनले बताए ।
उपलब्ध पुस्तक बुझ्दै अध्यक्ष खड्काले संगम पुस्तकालय कोसी प्रदेशकै नमुना भएकाले समयअनुकुल पाठकको रूचीलाई सकेसम्म सम्बोधन गरिएको बताए । उनले पुस्तकालयलाई समृद्ध बनाउन भौतिक पुर्वाधारमा पनि जुटेको बताए । अध्यक्ष खड्काले अन्य



उपलब्ध गराएको जानकारी दिए । उदयपुरको त्रियुगा नगरपालिका ११ स्थायी घर भई सशस्त्र प्रहरी वल हेडक्वाटर हलचौक काठमाण्डौंमा कार्यरत डिएसपी खड्काले आगामी दिनमा पनि थप सहयोग गर्ने प्रतिवद्धता व्यक्त गरे । सरकारी सेवासँगै सामाजिक क्षेत्रमा पनि उत्तिकै रूची रहेकाले पुस्तक र सदरमुकाम गाईघाटको मुख्यचौकमा आकर्षक विभिन्न पुस्तकालयलाई पनि संग सँगै लैजान एक स्थानीय एक नमुना पुस्तकालय अभियान सञ्चालन गरिएको बताए । पुस्तकालय महासंघको केन्द्रिय उपाध्यक्ष तथा प्रदेश अध्यक्ष समेत रहेका खड्काले रक्सी पसल चल्ने पुस्तकालय नचल्ने परम्पराको विकास भएको छ त्यसैले पठ्न संस्कृतिको विकास गर्न सबै पालिकामा नमुना पुस्तकालय अभियान सुरू गरेको बताए ।

# कटारी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## कटारी, उदयपुर
## कोशी प्रदेश, नेपाल

***प्रथम पटक प्रकाशित : मिति २०८०/०४/३२***

## रिटर्नी स्वयंसेवक आवश्यकता सम्बन्धी सूचना ।

प्रस्तुत विषयमा  आ.ब.०८०/०८१ मा कटारी नगरपालिकाका अन्तर्गत वडा न. ८, १० र १२ मा कामकाज गर्ने गरी तपशिल बमोजिमको स्वयंमसेवक सेवा करारमा पदपूर्ती गर्नु पर्ने भएकोले योग्यता पुगेका इच्छुक उम्मेदवारहरुले ७ (सात) दिन भित्रमा कटारी नगरपालिकाको कार्यालयमा दरखास्त पेश गर्न हुन सम्वन्धित सवैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

| सि.नं. | विज्ञान नं. | पद | माग संख्या | परिक्षा दस्तुर | परीक्षाको मिती | परीक्षाको प्रकार | न्युनतम योग्यता तथा अनुभव | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | २/२०८०/०८१ | रिटर्नी स्वयंसेवक | ३ (प्रत्येक वडामा १ जना) | १०००।- | प्रारभिम्भक योग्यताकमको सुची प्रकाशन पश्चात जानकारी गराइनेछ । | अन्तरवार्ता | न्युनतम कक्षा १० पास गरी वैदेशिक रोजगार (खाडी मुलुक र मलेसिया) मा गई कम्तिमा १ बर्ष काम गरेको अनुभव भएको । सुरक्षित वैदेशिक रोजगारीको क्षेत्रमा काम गरेकोलाई प्राथमिता दिइनेछ । | |

**१.आवश्यक योग्यता :**

(क न्युनतम कक्षा १० पास गरी वैदेशिक रोजगार (खाडी मुलुक र मलेसिया) मा गई कम्तिमा १ वर्ष काम गरेको अनुभव भएको । सुरक्षित वैदेशिक रोजगारीको क्षेत्रमा काम गरेकोलाई प्राथमिता दिइनेछ ।

२. उमेर हद : १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको ।

३. दरखास्त दिने स्थान : कटारी नगरपालिकाको कार्यालय कटारी, उदयपुर ।

४. दरखास्त दिने अन्तिम मिति : २०८०/०५/०६  गतेसम्म कार्यालय समय भित्र ।

५. दरखास्त फारम पाइने स्थान : कटारी नगरपालिकाको कार्यालय राजस्व शाखा ।

६. आवेदन तथा संलग्न कागजातहरु :  नेपाली नागरिकताको प्रमाणपत्र, शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी, वैदेशिक रोजगार(खाडी मुलुक र मलेसिया) मा गई कम्तिमा १ वर्ष काम गरेको अनुभवको प्रमाण पत्रको प्रतिलिपि, २ प्रति पासपोर्ट साइजको फोटो ।

७. सेवा सुविधा : कार्यक्रमको नियमानुसार ।

८. प्रचलित कानुनद्धारा अयोग्य नभएको ।

९. शर्तहरु

- काम गर्नुपर्ने स्थान : कटारी न.पा. वडा न. ८, १० र १२ स्वयंसेवकले एक महिनामा कम्तिमा १५ दिन आफ्नो कार्यक्षेत्रको समुदायस्तरमा वैदेशिक रोजगारी सम्वन्धी सुचना, जानकारी प्रदान  गर्नु पर्ने ।
- सम्बन्धित वडा बासिन्दालाई प्राथमिकता दिइनेछ । साथै १ जनाले एउटा वडाको लागि निवेदन दिनुपर्ने र काम गर्न चाहेको वडा खुलाउनुपर्नेछ ।

**प्रमुख प्रशासकिय अधिकृत**

CamScanner